नेपाल सरकार

# उद्योग मन्त्रालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

## प्रेस विज्ञप्ति

अन्तर्राष्ट्रिय गरिबी निर्मूलीकरण दिवसको अवसर पारेर नेपाल सरकार, उद्योग मन्त्रालयले असोज ३० (अक्टोबर १६, २०१७) गते काठमाडौं उपत्यकास्थित भक्तपुर, ललितपुर र काठमाडौं जिल्लाका सबै २१ वटै स्थानीय तहहरुका प्रमुख, उप प्रमुख र कार्यकारी अधिकृतहरुका लागि "उद्योग तथा उद्यमशीलता विकास र लघु उद्यम विकास मोडेल सम्बन्धी अभिमुखीकरण कार्यक्रम" आयोजना गरेको छ ।

माननीय उद्योग मन्त्री सुनिल बहादुर थापाज्यूको प्रमुख आतिथ्यता तथा श्रीमान् उद्योग सचिव शंकरप्रसाद कोइरालाको अध्यक्षतामा भएको कार्यक्रममा नेपालका लागि अष्ट्रेलियन राजदूत महामहिम पीटर वड्, युएनडिपी नेपालका राष्ट्रिय निर्देशक श्री रेन्युड मेयर बिशेष अतिथि हुनुहुन्थ्यो । माननीय उद्योग मन्त्री श्री सुनिल बहादुर थापाले कार्यक्रममा बोल्दै विदेश जाने युवालाई उद्यम मार्फत स्वदेशमै रोक्नसकिने र विदेशबाट फर्केका युवालाई लघु, साना तथा मझौला उद्योगमा सहभागी गराई आत्मनिर्भर बनाउन मन्त्रालय प्रतिवद्ध रहेको बताउनु भयो ।

कार्यक्रमका अतिथि युएनडिपी नेपालका राष्ट्रिय निर्देशक श्री रेन्युड मेयरले उद्योग मन्त्रालयद्वारा बिगत १९ बर्ष देखि सञ्चालित लघु उद्यम बिकास कार्यक्रम मार्फत गरिबी निवारणमा महत्वपूर्ण भूमिका खेलेको बताउनु भयो । यस्तै नेपालका लागि अष्ट्रेलियन राजदूत महामहिम पीटर वड्ले नेपाल सरकारले महिला र पिछडिएका बर्गलाई समावेश गरि सञ्चालन गरेको लघु उद्यम बिकास कार्यक्रम मार्फत उद्योग मन्त्रालयले गरिबीको रेखामुनि रहेको जनसंख्यालाई माथि उकास्न खेलेको भूमिकाको प्रशंसा गर्नु भयो । कार्यक्रमको सभापतिको आसनबाट बोल्दै उद्योग मन्त्रालयका सचिव श्री शंकरप्रसाद कोइरालाले उद्योग मन्त्रालयका प्राथमिकताबारे चर्चा गर्दै महिला तथा युवाहरुलाई लघु उद्यममा सहभागी गराई उनीहरुको व्यवसाय प्रवर्द्धन गर्नु प्राथमिकतामा रहेको बताउनु भयो ।

कार्यक्रममा कार्यपत्र पेश गर्दै मन्त्रालयका सहसचिव श्री प्रदिपकुमार कोइरालाले बिगत १९ बर्षदेखि उद्योग मन्त्रालयद्वारा सञ्चालित "लघुउद्यम बिकास कार्यक्रम (मेडेप)" लाई हाल नेपाल सरकारले आन्तरिकीकरण गरी ७७ वटै जिल्लामा "गरिबी निवारणका लागि लघुउद्यम बिकास कार्यक्रम (मेड्पा)" को रुपमा सञ्चालन गरिरहेको बताउनु भयो । श्री कोइरालाका अनुसार मेडेप र मेड्पा कार्यक्रम अन्तरगत २०७४ भदौ मसान्तसम्म देशभरीमा १ लाख ३० हजार बढि लघुउद्यमी श्रृजना गरिएका छन् जसमा महिला, दलित, आदिवासी जनजाति तथा युवाहरुको उल्लेख्य हिस्सा रहेको छ । हाल सम्ममा मुलुकभर सो कार्यक्रम मार्फत ५१५,२०० (पाँच लाख पन्ध्र हजार दुईसय) जना गरिबहरु गरिबीको रेखा भन्दा माथि उठी रोजगारी समेत सिर्जना भएको देखिन्छ । मेडेप र मेडपाद्धारा प्रवर्द्धन गरिएका ३८३ जना उद्यमीहरु स्थानीय तहको निर्वाचनमा निर्वाचित भए जसमा ७५ प्रतिशत महिला र ३८ प्रतिशत दलित रहेका छन् । मेड्पा कार्यान्वयन गर्न सरकारले यस आ.ब.मा ७७ जिल्लाका ५३७ स्थानीय तहहरुको लागि ६९ करोड बजेट समेत बिनियोजन गरेको छ ।

उद्योग मन्त्रालय नीति नियम तर्जूमागर्न र स्थानीय तहहरुको क्षमता अभिबृद्धिका लागि समन्वयकारी भूमिकामा छ । स्थानीय तहको क्षमता अभिबृद्धिकै क्रममा हालसम्म २८४ स्थानीय तहका निर्वाचित ६५०० बढि जनप्रतिनिधिलाई लघु उद्यम विकास मोडेल सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिसकिएको छ भने यसै आर्थिक बर्षभित्र ७५३ वटै स्थानीय तहहरुमा क्षमता अभिबृद्धिका यस्ता कार्यक्रमहरु सञ्चालन गरिनेछन् ।

गरिबी निवारण तथा सहकारी मन्त्रालयका सहसचिव श्री सुरेश प्रधानले समग्र गरिबीको स्थिति र उद्यमशीलताबाट गरिबी निवारणमा सहयागेग पुग्ने बिषयमा कार्यपत्र पेश गर्नु भयो भने उद्योग मन्त्रालयका सहसचिव श्री गोपी खनालले औद्योगिक गाउँ स्थापना र औद्योगिक करिडोर स्थापनामा मन्त्रालयले पहल गरिरहेको बताउँदै स्थानीय निकायको भूमिका महत्वपूर्ण रहने बताउनु भयो । कार्यक्रममा ललितपुर उपमहानगरपालिकाका उपप्रमुख श्री गिता सत्याल, किर्तीपुर नगरपालिकाका प्रमुख रमेश महर्जन र भक्तपुर नगरपालिकाका उपप्रमुख श्री रजनी जोशी र निर्वाचित उद्यमी जनप्रतिनिधिहरुले मन्तव्य राख्नुभएको थियो ।

३० असोज २०७४

प्रदिपकुमार कोइराला
सहसचिव

फोन नं.: ४२११५७९, फ्याक्स नं.: ९७७-१-४२११६१९
E-mail: info@moi.gov.np, Website: http://www.moi.gov.np